# आर्मीको पुनरागमन जित, पुलिसलाई पहिलो अंक

**हिमालय टाइम्स**
काठमाडौं, ४ चैत

दीपक गुरुङले इन्जुरी समयमा गोल गरेपछि विभागीय टोली त्रिभुवन आर्मी क्लवले राजधानीमा जारी शहीद स्मारक 'ए' डिभिजन लिगमा पाँचौं खेलबाट दोस्रो जित निकाल्दा अर्को खेलमा अर्को विभागीय टोली नेपाल पुलिसले पहिलो अंक जोडेको छ।

फुटबलमा अन्तर्राष्ट्रिय विश्रामअघिको अन्तिम खेलमा विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लवले फ्रेन्ड्स क्लवबिरुद्ध पुनरागमन २-१ को जित निकाल्न सफल भएको हो। च्यासल मैदानमा शनिबार सम्पन्न खेलको छैटौं मिनेटमा फ्रेन्ड्सका टोरिक जिब्रिनले उपलब्ध गराएको पासलाई रफिक अमिनुले सदुपयोग गर्दै ललितपुरे टोलीलाई अग्रता दिलाउनुभएको थियो। अग्रता लिएसँगै रक्षात्मक देखिएको फ्रेन्ड्सविरुद्ध आर्मीले २४ औं मिनेटमा बराबरी गोल फर्कायो। दीपक गुरुङले उपलब्ध गराएको बललाई जिलेस्पीजंग कार्कीले हेडरमार्फत जाली चुमाउँदा पहिलो हाफ बराबरीमा सकिएको थियो।

दोस्रो हाफमा आर्मीले आक्रामक रणनीतिलाई निरन्तरता दियो। सो क्रममा केही सुनौला अवसर सिर्जना भएपनि आर्मीको अग्रपंक्तिले सदुपयोग गर्न असफल बन्यो। तर इन्जुरी सयममा दीपक गुरुङले गोल गर्दै आर्मीको जित निश्चित गर्नुभएको हो। पेनाल्टी बक्सभित्र बारम्बार प्रयास किलियर हुन नसकेको बललाई दीपकले जाली चुमाउन सफल भएको थियो।

दोस्रो हाफमा आक्रामक देखिएको आर्मीका लागि ७४ औं मिनेटमा दिनेश हेन्जनले प्रहार गरेको फ्रिकिकमा दीपकको हेडरबललाई फ्रेन्ड्सका गोलकिपर विशाल सुनारले उत्कृष्ट बचाउँ गर्नुभयो। लगत्तै फ्रेन्ड्सले काउन्टरको प्रयास गरे पनि असफल भयो। इन्जुरी समयमा फ्रेन्ड्सका जिब्रिनको प्रहारलाई गोलकिपर विकेश कुथुले बचाउनुभयो।

यसअघि संकटा र एनआरटीसँग बराबरी खेलेको आर्मीले साविक विजेता मच्छिन्द्रलाई पराजित गर्दा अर्को विभागीय टोली नेपाल एपिएफ क्लवसँग हार व्यहोरेको थियो। यसैगरी सातादोबाटो र खुमलटारसँग पराजय ब्यहोरेको फेन्ड्सले थ्री स्टारसँग बराबरी खेल्दा जावलाखेल युथ क्लवलाई पराजित गरेको थियो। यस जितसँगै आर्मीले पाँच खेलबाट आठ अंक बनाएको छ भने अन्तिम समयमा सम्हालिन असफल फ्रेन्ड्सको पनि समान खेलबाट चार अंक भएको छ।

लिगअन्तर्गत शनिबार भएको अर्को खेलमा नेपाल पुलिस क्लवले न्युरोड टिम (एनआरटी)सँग १-१ गोलको बराबरी खेल्दै जारी लिगमा पहिलो अंक जोड्न सफल भएको छ। निकै प्रतिष्पर्धात्मक बनेको खेलमा पुलिसले पुनरागमन गर्दै अंक खोस्न सफल भएको हो। यसअघि पुलिसले लगातार चार खेलमा हार व्यहोरेको थियो। दशरथ रंगशालामा भएको खेलमा दुबै टोलीले आक्रामक रणनीति बुन्दै खेलेका थिए। पहिलो हाफ निकै प्रतिष्पर्धात्मक बनेको पनि गोल भने हुन सकेनन्। दोस्रो हाफमा एनआरटीले शुरुवाती अग्रता लियो। ६४औं मिनेटमा बैकल्पिक खेलाडी छिरेका सञ्जीव बिष्टले गोल गर्दै एनआरटीलाई शुरुवाती अग्रता दिलाउनुभएको थियो। पेनाल्टी क्षेत्रभित्र एनआरटी र पुलिसका डिफेन्डरबीचबाट निस्किएको बललाई पुलिसका गोलकिपर संजित श्रेष्ठले किलियर गर्न चुक्दा सन्जिबले पोस्टको जाली चुमाउनुभयो। तर, ७५ औं मिनेटमा प्रताप गुरुङले गोल गर्दै पुलिसलाई खेलमा फर्काउनुभयो। प्रतापले फ्रिकिकमार्फत उत्कृष्ट गोल गर्नुभएको हो। त्यसबाहेक दुवै टोलीले गोलका लागि प्रयास गरेपनि असफल हुँदै अंक बाँडे। यस बराबरी पछि पुलिसले लिग तालिकामा एक अंकको खाता खोलेको छ भने एनआरटीले पाँच खेलमा दुई अंक बनाएको छ।

# जितबहादुर र मनिषा सम्मानित

**हिमालय टाइम्स**
काठमाडौं, ४ चैत

ओलम्पियन जितबहादुर केसी र कराँतेकी मनिषा चौधरी सम्मानित हुनुभएको छ। काठमाडौंस्थित वनस्थलीमा रहेको हाइड एण्ड सिक किन्डर गार्डेनले आफ्नो १०औं खेलकुद दिवसका अवसरमा ओलम्पियन केसी र १३औं सागकी कांस्य पदक विजेता मनिषालाई नगद, दोसल्ला र प्रशंसापत्रले सम्मानित गरेको हो।

उहाँहरूलाई हाइड एण्ड सिक किन्डर गार्डेनकी संस्थापक प्रिन्सिपल कुमद भट्ट र संस्थापक निर्देशक इन्दिरा गौतमले सम्मानित गर्नुभयो। हाइड एण्ड सिक किन्डर गार्डेनले दुईदिने खेलकुद कार्यक्रमको पहिलो दिन ओलम्पियन केसीलाई तथा दोस्रो दिन कराँतेकी मनिषा चौधरीलाई सम्मानित गरेको हो।




खेलकुद दिवसको पहिलो दिन प्ले ग्रुप र नर्सरीको तथा दोस्रो दिन एलकेजी र युकेजीका विद्यार्थीहरूले दैनिक जीवनमा आधारित रहेर विभिन्न खेलहरूमा प्रतिस्पर्धा गरेको विद्यालयका खेलकुद प्रशिक्षक हरि लामाले जानकारी दिनुभयो। यसअघि हाइड एण्ड सिक किन्डर गार्डेनले १३औं सागमा स्वर्ण जित्न सफल फुटवलका विकेश कुथु, कराँतेकी अनु अधिकारी र विप्लवलाल श्रेष्ठसँगै प्रशिक्षक दीपक श्रेष्ठ, कुशल श्रेष्ठ र तारा गुरुङलाई सम्मान गरेको थियो। यस्तै, फुटबलका सन्देश श्रेष्ठ पनि सम्मानित भइसक्नुभएको छ।

# ऐरी र सार्कीलाई सुदूरपश्चिम प्रदेशद्वारा जनही दुई लाख पुरस्कार घोषणा

**विराज रोस्यारा/हिटा**
धनगढी, ४ चैत

राष्ट्रिय टिममा सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने क्रिकेट खेलाडीलाई नगद ६ लाख दिने भएको छ। प्रदेश सरकारले नेपाली राष्ट्रिय क्रिकेट टिमका दुई खेलाडीलाई जनही दुई लाख रुपैयाँ दिने भएको हो। राष्ट्रिय टिममा सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने दीपेन्द्र सिंह ऐरी र भीम सार्कीलाई प्रदेश सरकारले जनही दुई लाख रुपैयाँ दिने मुख्यमन्त्री कमलबहादुर शाहले घोषणा गर्नुभएको छ।

नेपाललाई विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट गराउँदै ऐतिहासिक सफलता दिलाउन भूमिका खेलेको भन्दै सरकारले उहाँहरूलाई नगद पुरस्कार प्रदान गर्न लागेको हो। यस्तै, टिममा परेका खेलाडी सन्दीप जोरालाई एक लाख र अन्तिम १८ मा पर्न सफल कमलसिंह ऐरी र अर्जुन साउदलाई ५० हजार गरी ६ लाख दिने घोषणा गरिएको हो। सुदूरपश्चिम प्रदेश सरकारको घोषणा निकै प्रशंसनीय रहेको उल्लेख गर्दै नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले आगामी दिनमा पनि थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री शाहलाई धन्यवाद दिनुभयो। यसअघि पनि प्रदेश सरकारले युएईमा २०२३ मार्चमा सम्पन्न भएको आइसिसी यू १९ वर्ल्ड कपमा सहभागी खेलाडी र अफिसियललाई सम्मान गर्ने बताएको थियो। प्रतिखेलाडीलाई जनही एक लाख र अफिसियललाई ५० हजारका दरले सम्मान गरिने सरकारले घोषणा गरेको थियो।

# नेपालले वर्ल्ड जुनियर टेनिसको छनोट खेल्ने

**हिमालय टाइम्स**
काठमाडौं, ४ चैत

नेपालका तीन खेलाडीले वर्ल्ड जुनियर टेनिस च्याम्पियनसिपको अन्तिम छनोट खेल्ने भएका छन्। मलेसियाको कुचिङमा मार्च २० देखि २५ तारिखसम्म हुने वर्ल्ड जुनियर टेनिस च्याम्पियनसिपको अन्तिम छनोटमा नेपालका तीन खेलाडीले प्रतिस्पर्धा गर्ने पक्का भएको हो। नेपालबाट स्वस्तिका विष्ट, शिभाली गुरुङ र समृद्धि महर्जनले वर्ल्ड च्याम्पियनसिपको अन्तिम छनोटमा खेल्नुहुनेछ। प्रशिक्षकमा कान्छा खड्गे रहनुहुनेछ।

नेपाली ब्राण्ड केटिएम सिटीको सहयोग रहेको नेपाली टिमले मलेसियामा उत्कृष्ट प्रदर्शन गर्ने प्रशिक्षक खड्गेले बताउनुभयो। उहाँले एसिया ओसियानाबाट छनोट हुने तीन टिमले फाइनल खेलमा सहभागिता जनाउन पाउने उल्लेख गर्नुभयो। प्रशिक्षक खड्गेले प्रतियोगिताका लागि नेपाली टिम तयार रहेको बताउँदै जुनियर टेनिस च्याम्पियनसिपमा छनोट हुने



विश्वास व्यक्त गर्नुभयो।

प्रतियोगितामा सहभागी हुने खेलाडीलाई केटिएम सिटीले आवश्यक जर्सी, ट्र्याक सुट, जुत्तालगायत सामग्री प्रायोजनका रूपमा सहयोग गरेको छ। यू-१४ गर्ल्स विधाको यस प्रतियोगितामा नेपालसहित १६ देशका खेलाडीले सहभागिता जनाउनेछन्। नेपाली जुनियर महिला टिमले पहिलोपटक अन्तिम छनोट खेल्न लागेको हो। प्रतियोगितालाई अन्तर्राष्ट्रिय टेसिन महासंघ र एसियन टेनिस महासंघको सहयोग रहेको छ।

# बक्सिङका सेमिफाइनल खेलहरू सम्पन्न

**हिमालय टाइम्स**
हेटौंडा, ४ चैत

हेटौंडा कभर्डहलमा जारी अल नेपाल नोभिस बक्सिङ प्रतियोगिताका सेमिफाइनल खेलहरू सम्पन्न भएका छन्। सम्पन्न खेलअनुसार ४८ किलो तौल समूहमा अल्फाका विशेष बुढामगरले ललितपुरका प्रकाश कठायतलाई ५:० को युनानिमस डिसिजनमा पराजित गर्दै फाइनलमा स्थान बनाउनुभयो। सोही तौल समूहमा भाइब बक्सिङका सञ्जय लामाले नक्सालका मानव लामालाई पराजित गर्दै फाइनलमा अल्फाका बुढामगरसँग भेट पक्का गर्नुभयो। त्यसैगरी फ्लाइवेट ५१ किलो तौल समूहमा एफसी सुनसरीका सविन लिम्बूले अछामका रामबहादुर ऐडीलाई ५:० को युनानिमस डिसिजनका आधारमा र बक्समाण्डुका प्रबल उप्रेतीले प्युठानका निराजन चौधरीलाई ५:० कै अन्तरले पराजित गर्दै फाइनलको यात्रा तय गर्नुभयो।

बैन्टम वेट ५४ किलो तौल समूहमा दाङका विवेक देवकोटाले रूपन्देहीका अमृत थाडारीलाई ५:० को युनानिमस डिसिजनमा र सोही तौल समूहमा अल्फाका जीवन महराले नक्सालका पुकार जोशीलाई ५:० को युनानिमस डिसिजनका आधारमा पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

फेदर वेट ५७ किलो तौल समूहमा रेज बक्सिङ क्लबका आयुश श्रेष्ठले दमकका योयल राईलाई ४:१ को स्पिलिट डिसिजनका आधारमा पराजित गर्नुभयो। सोही तौल समूहमा बक्समाण्डुका आयुश थापाले दमक बक्सिङ क्लबका निर्मल रिजाललाई ४:१ को अन्तरमा पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

लाइट वेट ६० किलो तौल समूहमा भाइब बक्सिङ क्लबका निराजन मुक्तान र डिजिबक्स बक्सिङ क्लबका सौरभ राईले फाइनलको विजयी यात्रा तय गर्नुभएको छ। दुवैले समान अन्तर ५:० मा क्रमश: कैलालीका श्रीजन विके र एबिसी बक्सिङ क्लबका एक्लिस शाहीलाई पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

६३.५ किलो तौल समूहमा नक्साल बक्सिङ क्लबका प्रज्वल श्रेष्ठले बक्समाण्डु बक्सिङ क्लबका निमा शेर्पालाई ४:१ को स्पिलिट डिसिजनमा पराजित गर्नुभयो भने सोही तौल समूहमा मकवानपुरका सोहन राईले ललितपुरका विकल्प राईलाई ५:० को युनानिमस डिसिजनमा पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

वैल्टर वेट ६७ किलो तौल समूहमा स्विट बक्सिङ क्लबका आभासविक्रम साहले कैलालीका शाहिल कर्ण मल्ललाई आरएससीका आधारमा पराजित गर्नुभयो भने सोही तौल समूहमा बक्समाण्डुका लाक्पा शेर्पाले कास्कीका निश्चित भट्टचनलाई ५:० को युनानिमस डिसिजनमा पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

महिलातर्फको मिनिमम ४८ किलो तौल समूहमा अछामका निर्मला ऐडीले कास्कीका नायरा मगरलाई दोस्रो राउण्डमा आर एससीका आधारमा रोक्नुभयो भने सोही तौलमा बक्समाण्डुका पूर्णिमा तामाङले दमकका प्रतीक्षा राईलाई ४:१ को स्पिलिट डिसिजनमा पराजित गर्नुभयो। लाइट फ्लाइवेट ५० किलो तौल समूहमा रेज बक्सिङ क्लबका युजेन शर्माले मकवानपुरका रोशनी घलानलाई ४:१ को स्पिलिट डिसिजनका आधारमा पराजित गर्नुभयो। फ्लाइवेट ५२ किलो तौल समूहमा भक्तपुरका भावना भण्डारीले चितवनका तिलमाया सरु मगरलाई ५:० को युनानिसम डिसिजनमा पराजित गर्नुभयो। ५७ किलो तौल समूहमा बक्समाण्डु बक्सिङ क्लबकी प्रीति श्रेष्ठले दमकका स्मारिका राईलाई ४:१ को अन्तरले पराजित गर्नुभयो।

महिलातर्फको लाइट वेट ६० केजी तौल समूहमा एबिसी सुनसरीका सन्ध्या राईले चितवनकी जस्मिन गुरुङलाई पहिलो राउण्डमै आर एससीका आधारमा रोक्नुभयो। सोही तौल समूहमा भूमि बक्सिङ क्लबकी बबिता गोदार क्षेत्रीले उदयपुरका बृसना राईलाई पहिलो राउण्डमै आरएससीका आधारमा पराजित गर्नुभयो। महिलातर्फको वैल्टर वेट ६६ किलो तौल समूहमा भने रेज बक्सिङ क्लबकी शसिना विष्टले बक्समाण्डुकी प्रीतिसा राईलाई ३:२ को स्पिलिट डिसिजनमा पराजित गर्दै फाइनलमा प्रवेश गर्नुभएको छ।

## Invitation for Bids

### Myagang Rural Municipality
### Office of Rural Municipal Executive
**Deurali,Nuwakot**
**Date of publication: 2079/12/05 (March 19, 2023)**

1. Myagang Rural Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction of following works .under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Myagang Rural Municipality Deurali, email: myagangrm@gmail.com, info@myagangmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp. 3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Himalayan Bank Limited , Myagon Branch, Nuwakot**
**Name of Office: Myagang Rural Municipality**
**Office Account no.: For purchage of book: Revenue account: Ga.41-05707637420010**
**Security Deposit Account. : Ga.3-05707637420032**
4. Pre-bid meeting shall be held at Myagang Rural Municipality office Duration 1:00 PM of 2079-12-19 (April 2, 2023)
5. Interested Bidders shall submit the Electronic bids to the office Myagang Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/01/05 (April 18, 2023). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM on 2080/01/05 (April 18, 2023) at the office of Myagang Rural Municipality Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum ofas stated in below table which shall be valid for 30 days beyond the validity period of the bid .If the bidder wishes to submit the cash Security, the cash should be deposited in Dharauti Account No:05707637420032 at Himalayan Bank ltd., Myagon Branch, Nuwakot and submit the receipt of the deposited amount of cash along with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Contract Identification No. | Description Of Works | Estimated rate Inclusive VAT (NRs) | Cost of Bidding Document (NRs) | Bid Security Amount(NRs) | Re marks |
|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ BUILDING/2079/80-6 | Construction of Interior finishing works of Myagang Rural Municipality Office Building | 65,73,676.61/- | 3000/- | 1,70,000/- | |

Government of Nepal
Ministry of Health & Population

### Pokhara Academy of Health Science Kaski

## Invitation for Bids

***Date of publication: 2079.12.05***

1. The **Pokhara Academy of Health Science** invites electronic bids from eligible bidders for the **Procurement of following items (1S1E)** under National competitive bidding .
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 533500 or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank :** Rastriya Banijya Bank **Name of Office :** Pokhara Acaemy of Health Science, Pokhara
**Office Code no. :** 370613901 **Office Account no. :** 10001000200010000, Rajaswa (revenue) Shirshak no. 14229

4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 on 2080-01-05**, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at **12:30, 2080-01-05** at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting as follows for each bid, which shall be valid for 30 days beyond the validity period of the bid .

**If bidder wishes to submit cash bid security**
**Name of the Bank :** Agriculture Development Bank,
**Name of Office :** Pokhara Academy of Health Sciences **Office Account no :** 0316401591248071

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. The name and identification of the contracts are as follows:

| S. N. | Bids No | Name of Procurements | Package / Details | Package | Bid Documents Fee | Bid Security amount (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | PAHS/NCB/GOODS /2079-80/25 | Procurement of Lab Reagents III | Packagewise | A | 5,000/- | 84,000/- |
| | | | | B | | 78,000/- |
| | | | | C | | 1,64,000/- |
| | | | | D | | 13,500/- |
| | | | | E | | 55,000/- |
| | | | | F | | 25,000/- |
| | | | | G | | 92,000/- |
| | | | | H | | 28,000/- |
| | | | | I | | 13,500/- |
| 2 | PAHS/NCB/GOODS /2079-80/26 | Procurement of Medicine Items I | Packagewise | | 3000/- | 55,000/- |
| 3 | PAHS/NCB/GOODS /2079-80/27 | Procurement of Medicine Items II | Packagewise | | 3,000/- | 2,98,000/- |
| 4 | PAHS/NCB/WORKS /2079-80/06 | Supply, Delivery and Installation of Central Suction System in Maternity Block- Re | Estimated Amount- Nrs. 22,69,250/- (Exclusive of Vat, PS and contigencies) | | 3,000/- | 70,000/- |

**DIRECTOR**

CMYK